# 4. ऐच्छिक नेपाली

## Course Content

### खण्ड (क) नेपाली कथा

**पाठ्यविषयकोविवरण**

अङ्क:- ३०, पाठ्यभार:- ४५

१. कथाको परिचय (परिभाषा र तत्त्वहरू)
२. आधुनिक नेपाली कथाको विकासक्रम (प्रवृत्ति र चरणहरू)
३. निर्धारित कथाकारहरूको परिचय र तिनका कथाहरूको सामान्य विवेचना र विशिष्ट पङ्क्तिहरूको व्याख्या:

| | | |
|---|---|---|
| (क) | गुरुप्रसाद मैनाली | नासो |
| (ख) | विश्वेश्वरप्रसाद कोइराला | दोषी चस्मा |
| (ग) | रूपनारायण सिंह | वितेका कुरा |
| (घ) | पुष्करशमशेर | लोग्ने |
| (ङ) | गोविन्दबहादुर मल्ल 'गोठाले' | लक्ष्मीपूजा |
| (च) | रमेश विकल | लाहुरी भैंसी |
| (छ) | इन्द्रबहादुर राई | जयमाया आफू मात्र लिखापानी आइपुगी |
| (ज) | माया ठकुरी | मृगतृष्णा |
| (झ) | परशु प्रधान | छिँडीभरिको आकाश |

### खण्ड (ख) नेपाली उपन्यास

अङ्क:- २०, पाठ्यभार:- ३०

१. उपन्यासको परिचय (परिभाषा र तत्त्वहरू)
२. आधुनिक नेपाली उपन्यासको विकासक्रम (प्रमुख प्रवृत्ति र चरण)
३. निर्धारित उपन्यासकारहरूको परिचय र उपन्यासहरूको सामान्य विवेचना र विशिष्ट पङ्क्तिहरूको व्याख्या:

(क) उपन्यासकार रुद्रराज पाण्डे र *रूपमती*
(ख) उपन्यासकार लैनसिंह बाङ्देल र *माइतघर*

### खण्ड (ग) नेपाली निबन्ध

अङ्क:- २०, पाठ्यभार:- ३०

१. निबन्धको परिचय (परिभाषा र तत्त्वहरू)
२. नेपाली निबन्धको विकासक्रम (प्रमुख प्रवृत्ति र चरण)
३. निर्धारित निबन्धकारहरूको परिचय र निबन्धहरूको सामान्य विवेचना र विशिष्ट पङ्क्तिहरूको व्याख्या।

| | | |
|---|---|---|
| (क) | लक्ष्मीप्रसाद देवकोटा | पहाडी जीवन |
| (ख) | हृदयचन्द्रसिंह प्रधान | जुँगा |
| (ग) | केशवराज पिँडाली | खैरै |
| (घ) | रामकृष्ण शर्मा | सगरमाथामा तेन्जिङ |
| (ङ) | शङ्कर लामिछाने | औपन्यासिक पात्र जीवनको पृष्ठभूमिमा |
| (च) | अच्छा राई | भुँडी |
| (छ) | श्यामप्रसाद शर्मा | एक घण्टा बिताउन |
| (ज) | तारानाथ शर्मा | राष्ट्रियताको ज्योति हुलाकघर |
| (झ) | भैरव अर्याल | अमरावती कान्तिपुरी नगरी |

### खण्ड (घ) नेपाली भाषा

अङ्क:- २०, पाठ्यभार:- ३५

१. भाषाको परिचय
   (क) भाषाका विशेषता
   (ख) भाषिक व्यवस्था (वर्ण, व्याकरण, अर्थ र शब्दभण्डार)
   (ग) भाषिक अध्ययन (ऐतिहासिक, वर्णनात्मक, तुलनात्मक)
२. नेपाली भाषाको इतिहास: भारोपेली, परिवार, संस्कृत, प्राकृत र अपभ्रंश, प्राचीन, मध्यकालीन र आधुनिक नेपाली तथा नेपाली भाषाको प्राचीनतम अभिलेख र पुरानो वाङ्मय (प्रमुख ग्रन्थहरूको सामान्य परिचयमात्र)

Question Bank Nepal

३. नेपाली भाषाको स्वरूप
(क) उच्चारण व्यवस्था (स्वर, व्यञ्जन र अक्षरप्रणाली)
(ख) व्याकरण: शब्दनिर्माण, रूप, शब्द र वाक्य
४. नेपाली भाषाका भाषिकाहरू
५. नेपाली कथ्य र लेख्य भाषा
६. सामान्य नेपाली र साहित्यिक नेपाली
७. ज्ञानविज्ञानको नेपाली (प्रयोजनपरक भेदहरू, पारिभाषिक शब्दावली र वाक्यगठन)
८. नेपालका प्रमुख भाषाहरूको सामान्य परिचय

**खण्ड (ङ) साहित्य परिचय**

अङ्क:- १०, पाठ्यभार:- १५

१. साहित्यको परिभाषा, हेतु र प्रयोजन
२. साहित्यको विधागत वर्गीकरण (सामान्य परिचयमात्र)
३. शब्दशक्ति: अभिधा, लक्षणा र व्यञ्जनाको सामान्य परिचय
४. रसको परिचय र नवरसको सोदाहरण परिचय
५. अलङ्कारको परिचय र अनुप्रास, यमक, श्लेष, उपमा, रूपक, दृष्टान्त, यमक अलङ्कारको सामान्य परिचय
६. छन्दको परिचयका साथै अनुष्टुप्, उपजाति, मन्दाक्राता, शिखरिणी, शार्दूलविक्रीडित, झ्याउरे र मुक्तलय (गद्य कवितामा प्रयुक्त) को पहिचान।

## नमुना प्रश्नपत्र २०५६

पूर्णाङ्क : १००
समय : ३ घण्टा
उत्तीर्णाङ्क : ३५

**नेपाली गद्य, भाषा र साहित्य परिचय**

**खण्ड 'क'**

**कुनै तीन प्रश्नको उत्तर दिनुहोस्।** १०×३= ३०

१. आधुनिक नेपाली कथाको प्रथम चरणका प्रवृत्तिहरू औंल्याउनुहोस्। **[खण्ड (क) नेपाली कथाबाट]**

२. केशवराज मानसिक रूपमा सशङ्कित हुनका कारणहरू केके हुन् ? 'दोषी चस्मा' कथाका आधारमा प्रकाश पार्नुहोस्। **[खण्ड (क) नेपाली कथाबाट]**

३. 'लाहुरी भैंसी' कथाले निम्नवर्गीय नेपाली समाजको कुन पक्षको चित्रण गरेको छ ? उल्लेख गर्नुहोस्। **[खण्ड (क) नेपाली कथाबाट]**

४. सप्रसङ्ग व्याख्या गर्नुहोस्।
"मानिसको पाण्डित्य अरूलाई उपदेश गर्नमा काम लाग्छ, न कि आफूलाई परिआउँदा।" **[खण्ड (क) नेपाली कथाबाट]**

**खण्ड 'ख'** १०×२=२०

**कुनै दुई प्रश्नको उत्तर दिनुहोस् :**

५. रूपमतीको चरित्रमा कस्तो नारी आदर्श प्रस्तुत भएको छ ? दर्साउनुहोस्। **[खण्ड (ख) नेपाली उपन्यासबाट]**

६. 'माइतघर' उपन्यासको शीर्षकको सार्थकता सिद्ध गर्नुहोस्। **[खण्ड (ख) नेपाली उपन्यासबाट]**

७. उपन्यासको रचनामा कथावस्तुको महत्त्व स्पष्ट पार्नुहोस्। **[खण्ड (ख) नेपाली उपन्यासबाट]**

**खण्ड 'ग'** १०×२=२०

**कुनै दुई प्रश्नको उत्तर दिनुहोस् :**

८. देवकोटाले पहाडी जीवनका कुन-कुन पक्षलाई आदर्शका रूपमा अपनाएका छन् ? 'पहाडी जीवन' निबन्धका आधारमा स्पष्ट गर्नुहोस्। **[खण्ड (ग) नेपाली निबन्धबाट]**

Question Bank Nepal

९. 'राष्ट्रियताको ज्योति हुलाक घर' निबन्धमा नेपालको राष्ट्रिय झन्डाबारे कस्तो अभिप्राय व्यक्त भएको छ ? लेख्नुहोस् । [खण्ड (ग) नेपाली निबन्धबाट]

१०. सप्रसङ्ग व्याख्या गर्नुहोस् ।
"दान दिने कुरा धर्म बनिसकेको धेरै भयो । आज अनुभव हुँदैछ यो अब जीवन पनि पो बन्न थालिसक्यो" [खण्ड (ग) नेपाली निबन्धबाट]

### खण्ड 'घ'

कुनै दुई प्रश्नको उत्तर दिनुहोस् : २ × १० = २०

११. भाषिक व्यवस्था भनेको के हो ? स्पष्ट पार्नुहोस् । [खण्ड (घ) नेपाली भाषाबाट]

१२. आधुनिक नेपाली भाषाका विशेषताहरू केके हुन् ? औँल्याउनुहोस् । [खण्ड (घ) नेपाली भाषाबाट]

१३. नेपालमा बोलिने भोट-बर्मेली परिवारका भाषाहरू कुन-कुन हुन् ? उल्लेख गर्नुहोस् । [खण्ड (घ) नेपाली भाषाबाट]

### खण्ड 'ङ'

कुनै एक प्रश्नको उत्तर दिनुहोस् : १×१०=१०

१४. साहित्यको प्रयोजनमाथि प्रकाश पार्नुहोस् । [खण्ड (ङ) साहित्य परिचयबाट]

१५. तलको कविताबाट गणसङ्केत पहिल्याई छन्दको नाम पनि उल्लेख गर्नुहोस् ।
छि : यो बेला नबस घरमा निस्क आलस्य फाली
हे तन्देरी ! उठन पृथिवी तीन बित्ता उचाली । [खण्ड (ङ) साहित्य परिचयबाट]

## Exam Questions

## खण्ड (क) नेपाली कथा

(सबै प्रश्नहरूको अङ्कभार १० रहेको छ )

१. आधुनिक नेपाली कथाको सामाजिक यथार्थवादी परम्पराको परिचय दिनुहोस् । [प्र.नं. १, २०५६]

२. 'मृगतृष्णा' कथाले भन्न खोजेको मूल कुरा उल्लेख गर्नुहोस् । [प्र.नं. २, २०५६]

३. 'लक्ष्मीपूजा' कथामा कस्तो बालमनोविज्ञान पाइन्छ? चर्चा गर्नुहोस् । [प्र.नं. ३, २०५६]

४. सप्रसङ्ग व्याख्या गर्नुहोस्:
"केही क्षण अगाडिको उसको मानसिक सपनाको फूलबारीमा एक्कासि तुषारो वैरियो" [प्र.नं. ४, २०५६]

५. आधुनिक नेपाली कथाको दोस्रो चरणका प्रवृत्तिहरूको चर्चा गर्नुहोस् । [प्र.नं. १, २०५७]

६. 'नासो' लाई आदर्शोन्मुख यथार्थवादी कथा मान्न सकिने आधारहरू स्पष्ट पार्नुहोस् । [प्र.नं. २, २०५७]

७. 'जयमाया आफू मात्र लिखापानी आइपुगी' कथाकी जयमाया किन आफू मात्र लिखापानी आइपुगी ? स्पष्ट पार्नुहोस् । [प्र.नं. ३, २०५७]

८. सप्रसङ्ग व्याख्या गर्नुहोस् :
"अनि आफूचाहिँ अनन्त अन्धकारको खाडलमा अमल-अमल भास्सिएझैं कुनै समाउने काँसको बुटोसम्म छैन" [प्र.नं. ४, २०५७]

९. आधुनिक नेपाली कथा-परम्पराको यथार्थवादी धाराको परिचय दिँदै यसका मूल प्रवृत्तिहरूको चर्चा गर्नुहोस् । [प्र.नं. १, २०५८]

१०. 'लक्ष्मीपूजा' कथामा प्रस्तुत गरिएको बालमनोविज्ञानबारे प्रकाश पार्नुहोस् । [प्र.नं. २, २०५८]

११. 'लोग्ने' कथामा नारी वर्गको कस्तो स्थितिको चित्रण गरिएको छ ? स्पष्ट पार्नुहोस् । [प्र.नं. ३, २०५८]

१२. सप्रसङ्ग व्याख्या गर्नुहोस् :
बितेका कुराले हाम्रो आउने जीवन बेस्वादिलो पारिदिनेछ । [प्र.नं. ४, २०५८]

१३. आधुनिक नेपाली कथाको विकासमा देखा परेका प्रमुख मोडहरूको चर्चा गर्नुहोस् । [प्र.नं. १, २०५९]

Question Bank Nepal

१४. 'मेरो सानो साथी' कथा पढेर के सन्देश पाउन सकिन्छ ? स्पष्ट पार्नुहोस् । [प्र.नं. २, २०५९]

१५. 'मृगतृष्णा' कथाले नेपाली नारीको अन्तर्वेदनाको सफा चित्र कसरी खिचेको छ ? व्याख्या गर्नुहोस् । [प्र.नं. ३, २०५९]

१६. सप्रसङ्ग व्याख्या गर्नुहोस् :
'टाढामा, एक दुई सेता घरहरू, एउटा कुदिरहेको मोटरगाडी देखेपछि कोही बोल्नसम्म सकेन' [प्र.नं. ४, २०५९]

१७. कथा र उपन्यासमा भिन्नता देखाउनुहोस् । [प्र.नं. १, २०६०]

१८. 'नासो' कथाको शीर्षकको औचित्य दर्साउनुहोस् । [प्र.नं. २, २०६०]

१९. 'जयमाया आफू मात्र लिखापानी आइपुगी' कथामा युद्धले पारेको असर कसरी प्रस्तुत भएको छ ? [प्र.नं. ३, २०६०]

२०. सप्रसङ्ग व्याख्या गर्नुहोस् :
आमाको मुख पनि क्षणैमा झन् प्रदीप्त भयो र आमाका आँखाबाट दुई मोती जस्ता दानाहरू गुड्केर गालाका ख्याप परेको खाल्टामा खसे । [प्र.नं. ४, २०६०]

२१. कथाको परिभाषा दिई यसको स्वरूप चिनाउनुहोस् । [प्र.नं. १, २०६१]

२२. 'लक्ष्मीपूजा' कथामा प्रस्तुत बालमनोविज्ञानको चर्चा गर्नुहोस् । [प्र.नं. २, २०६१]

२३. 'मृगतृष्णा' कथाको शीर्षकको उपयुक्तता दर्साउनुहोस् । [प्र.नं. ३, २०६१]

२४. सप्रसङ्ग व्याख्या गर्नुहोस् :
खित्का छोडेर हाँस्दै उसले भनी, 'जात कसको ? मेरो ? - मेरो जात नेपाली, बुझ्यौ ?' [प्र.नं. ४, २०६१]

२५. आधुनिक नेपाली कथाको दोस्रो चरणका विशेषताहरूबारे चर्चा गर्नुहोस् । [प्र.नं. १, २०६२]

२६. 'लोग्ने' कथाको कथावस्तुको समीक्षा गर्नुहोस् । [प्र.नं. २, २०६२]

२७. 'लाहुरी भैंसी' कथामा कस्तो नेपाली समाजको चित्रण गरिएको छ ? स्पष्ट पार्नुहोस् । [प्र.नं. ३, २०६२]

२८. सप्रसङ्ग व्याख्या गर्नुहोस् :
म उनको सुनौलो केश र नीला आँखालाई राम्ररी ठम्याउन सक्छु अनि त्यस आँखाभित्र सलबलाइरहेका वेदनालाई चिन्दछु, बुझ्दछु । [प्र.नं. ४, २०६२]

२९. 'दोषी चस्मा' कथाको केशवराज हीनताले ग्रस्त हुनाका कारणहरूको विश्लेषण गर्नुहोस् । [प्र.नं. १, २०६३]

३०. 'लोग्ने' कथाकी साहिँली दिदीले आफ्नो इच्छाअनुसार किन लोग्ने रोज्न नसकेकी हुन् ? चर्चा गर्नुहोस् । [प्र.नं. २, २०६३]

३१. कथाकारका रूपमा परशु प्रधानलाई चिनाउनुहोस् । [प्र.नं. ३, २०६३]

३२. सप्रसङ्ग व्याख्या गर्नुहोस् :
एकातिर घरबार साहूलाई सुम्प्यो, अर्कातिर अर्काको नाककान रित्यायो । त्यसमाथि माल ल्याएको पनि फुटेका आँखाले हेरेर । [प्र.नं. ४, २०६३]

३३. 'नासो' कथाको सामाजिक परिवेश केकस्तो छ ? चर्चा गर्नुहोस् । [प्र.नं. १, २०६४]

३४. 'लक्ष्मीपूजा' कथाको लालको मनोविश्लेषण गर्नुहोस् । [प्र.नं. २, २०६४]

३५. 'मृगतृष्णा' कथाले नारीमाथिको दमनलाई कसरी चित्रण गरेको छ ? चर्चा गर्नुहोस् । [प्र.नं. ३, २०६४]

Question Bank Nepal

३६. सप्रसङ्ग व्याख्या गर्नुहोस् :
हामी दुईका कुरा पनि अब बितेका कुरा । तिनलाई जति छिटो बिर्स्यो, उति राम्रो । [प्र.नं. ४, २०६४]

३७. आधुनिक नेपाली कथाको यथार्थवादी धाराका मुख्य प्रवृत्तिहरू केके हुन् ? विवेचना गर्नुहोस् । [प्र.नं. १, २०६५]

३८. 'दोषी चस्मा' कथाको केशवराज कस्तो चरित्र हो ? स्पष्ट पार्नुहोस् । [प्र.नं. २, २०६५]

३९. 'जयमाया आफूमात्र लिखापानी आइपुगी' कथामा केकस्तो परिवेशको चित्रण गरिएको छ ? चर्चा गर्नुहोस् । [प्र.नं. ३, २०६५]

४०. सप्रसङ्ग व्याख्या गर्नुहोस् :
केही क्षण अगाडिको उसको मानसिक सपनाको फूलबारीमा एक्कासि तुषारो वैरियो । अघिसम्म उमङ्गमा खिलखिलाइरहेको उसको चारैतिरको वातावरणमा अहिले अवसादको कालो बादल दौडियो । [प्र.नं. ४, २०६५]

४१. आधुनिक नेपाली कथाको समसामयिक धारा (२०३६-हालसम्म) का मुख्य विशेषता लेख्नुहोस् । [प्र.नं. १, २०६६]

४२. 'लाहुरी भैंसी' कथाले वर्गीय शोषणलाई कसरी देखाएको छ ? [प्र.नं. २, २०६६]

४३. 'मृगतृष्णा' कथाको भाषाशैली के कस्तो छ ? [प्र.नं. ३, २०६६]

४४. सप्रसङ्ग व्याख्या गर्नुहोस् :
"मनोमालिन्यको एउटा सानो बीज चाहिन्छ जो समयमा बढेर आफसेआफ भयङ्कर रूप धारण गर्दछ ।" [प्र.नं. ४, २०६६]

४५. आधुनिक नेपाली कथाको पहिलो चरणका मुख्य-मुख्य प्रवृत्तिहरू के-कस्ता छन् ? चर्चा गर्नुहोस् । [प्र.नं. १, २०६७]

४६. 'लक्ष्मीपूजा' कथामा प्रयुक्त बालमनोविज्ञानबारे प्रकाश पार्नुहोस् । [प्र.नं. २, २०६७]

४७. 'लाहुरी भैंसी' कथाले नेपाली समाजका व्याप्त आर्थिक शोषणको के-कस्तो चित्र प्रस्तुत गरेको छ ? विवेचना गर्नुहोस् । [प्र.नं. ३, २०६७]

४८. सप्रसङ्ग व्याख्या गर्नुहोस् : [प्र.नं. ४, २०६७]
जसलाई परमेश्वरले ठगेको छ, उसलाई मानिस पनि हेला गर्छन्; ओहो ! संसार पनि कति मतलबी छ ।

४९. नेपाली समाजमा नारीको अवस्थाबारे 'लोग्ने' कथाले के कस्तो चित्र प्रस्तुत गरेको छ ? स्पष्ट पार्नुहोस् । [प्र.नं.१,२०६८]

५०. 'लाहुरी भैंसी' कथाको मुख्य सन्देश के हो ? चर्चा गर्नुहोस् । [प्र.नं.२,२०६८]

५१. 'लक्ष्मीपूजा' कथामा बालमनोविज्ञानको के कस्तो चित्रण गरिएको छ ? स्पष्ट पार्नुहोस् । [प्र.नं.३,२०६८]

५२. सप्रसङ्ग व्याख्या गर्नुहोस् :
अहो ! मानिसहरू आफ्नो तीव्र इच्छामा अरूको सम्मतिलाई कसरी जबरजस्ती तान्छन् । [प्र.नं.४,२०६८]

५३. 'दोषी चस्मा' कथामा केशव राजको कस्तो मानसिक अवस्थाको चित्रण गरिएको छ ? [प्र. नं. १, २०६९]

५४. 'लाहुरी भैंसी' कथाको मूल सन्देश के हो, चर्चा गर्नु होस् । [प्र. नं. २, २०६९]

५५. 'जयमाया आफूमात्र लिखापानी आइपुगी' कथामा युद्धले सिर्जना गरेका पीडाको कस्तो चित्र प्रस्तुत गरिएको छ, लेख्नु होस् । [प्र. नं. ३, २०६९]

५६. सप्रसङ्ग व्याख्या गर्नु होस् : [प्र. नं. ४, २०६९]
'माया लाग्दैमा मन पर्नु पर्छ भन्ने केही छैन, मन पर्दैमा राम्रो लाग्नु भन्ने केही छैन ।'

५७. आधुनिक नेपाली कथाको यथार्थवादी धाराका प्रमुख प्रवृत्तिहरू के कस्ता छन् ? लेख्नु होस् । [प्र. नं. १, २०७०]

Question Bank Nepal

५८. 'दोषी चस्मा' कथाका आधारमा केशवराजको मनोविश्लेषण गर्नु होस् । [प्र. नं. २, २०७०]

५९. 'छिंडीभरिको आकाश' कथामा सामाजिक समस्यालाई के कसरी देखाइएको छ ? स्पष्ट पार्नु होस् । [प्र. नं. ३, २०७०]

६०. सप्रसङ्ग व्याख्या गर्नु होस् : [प्र. नं. ४, २०७०]
बितेको कुराले हाम्रो आउने जीवन बेस्वादिलो पारिदिनेछ ।

६१. आधुनिक नेपाली कथाको मनोवैज्ञानिक धाराका प्रमुख प्रवृत्तिहरू के के हुन् ? चर्चा गर्नु होस् । [प्र. नं. १, २०७१]

६२. 'लोग्ने' कथामा नेपाली नारीको कस्तो अवस्थाको चित्रण गरिएको छ । स्पष्ट पार्नु होस् । [प्र. नं. २, २०७१]

६३. 'लाहुरी भैंसी' कथामा वर्गीय द्वन्द्वलाई कुन कुन चरित्रका माध्यमबाट प्रस्तुत गरिएको छ ? लेख्नु होस् । [प्र. नं. ३, २०७१]

६४. सप्रसङ्ग व्याख्या गर्नु होस् : [प्र. नं. ४, २०७१]
हो, घाममले अलिकति फुत्कन बाँकी छ, बीसौं शताब्दीको मान्छेका जिन्दगीका ओस्याइला पाटातिर ।

## खण्ड (ख) नेपाली उपन्यास

(सबै प्रश्नहरूको अङ्कभार १० रहेको छ )

१. 'माइतघर' उपन्यासका आधारमा सानी र हरिका बीचको अन्तर्सम्बन्धको चर्चा गर्नुहोस् । [प्र.नं. ५, २०५६]

२. आधुनिक नेपाली उपन्यासको प्रथम चरणका विशेषता के हुन् ? स्पष्ट पार्नुहोस् । [प्र.नं. ६, २०५६]

३. 'रूपमती' उपन्यासमा पाइने आदर्श पक्षलाई केलाउनुहोस् । [प्र.नं. ७, २०५६]

४. उपन्यासमा पात्रपात्राहरूको महत्त्व के हुन्छ ? स्पष्ट पार्नुहोस् । [प्र.नं. ५, २०५७]

५. 'रूपमती' उपन्यासकी प्रमुख पात्राको चरित्रमाथि प्रकाश पार्नुहोस् । [प्र.नं. ६, २०५७]

६. 'माइतघर' उपन्यासकी सानीको विवश स्थितिप्रति टिप्पणी गर्नुहोस् । [प्र.नं. ७, २०५७]

७. उपन्यासका तत्त्वहरूबारे उल्लेख गर्दै कथावस्तुको स्वरूप र महत्त्वबारे चर्चा गर्नुहोस् । [प्र.नं. ५, २०५८]

८. 'रूपमती' उपन्यासको पात्रविधानबारे टिप्पणी गर्नुहोस् । [प्र.नं. ६, २०५८]

९. 'माइतघर' उपन्यासकी सानीको जीवनको गतिबारे प्रकाश पार्नुहोस् । [प्र.नं. ७, २०५८]

१०. उपन्यासका तत्त्वहरूको सङ्क्षिप्त जानकारी दिनुहोस् । [प्र.नं. ५, २०५९]

११. 'माइतघर' उपन्यासमा देखिने करुण पक्षको चित्र प्रस्तुत गर्नुहोस् । [प्र.नं. ६, २०५९]

१२. 'रूपमती' र 'बरालपुत्री' को चरित्रमा पाइने भिन्नताहरू केलाउनुहोस् । [प्र.नं. ७, २०५९]

१३. नेपाली उपन्यासका यथार्थवादी र अतियथार्थवादी धाराका बीचको अन्तर केलाउनुहोस् । [प्र.नं. ५, २०६०]

१४. 'रूपमती' उपन्यासका बरालपुत्री र रविलालका मिल्दाजुल्दा स्वभावको चर्चा गर्नुहोस् । [प्र.नं. ६, २०६०]

१५. 'माइघर' उपन्यासका हरि र सानीबीचको अव्यक्त प्रेम सम्बन्धबारे प्रकाश पार्नुहोस् । [प्र.नं. ७, २०६०]

१६. उपन्यासका प्रमुख तत्त्वहरूको सङ्क्षिप्त चर्चा गर्नुहोस् । [प्र.नं. ५, २०६१]

१७. आधुनिक उपन्यासको प्रथम चरणका मुख्य-मुख्य प्रवृत्तिहरू लेख्नुहोस् । [प्र.नं. ६, २०६१]

१८. 'रूपमती' उपन्यासमा कस्तो समाज प्रस्तुत गरिएको छ ? उदाहरणसहित चर्चा गर्नुहोस् । [प्र.नं. ७, २०६१]

Question Bank Nepal

१९. उपन्यासको परिभाषा दिई यसका कुनै दुई तत्त्वबारे चर्चा गर्नुहोस् । [प्र.नं. ५, २०६२]

२०. 'रूपमती' उपन्यासको 'सासू मण्डली' का विशेषता स्पष्ट्याउनुहोस् । [प्र.नं. ६, २०६२]

२१. 'माइतघर' उपन्यासका पात्र सानी र हरिका मनको चाहना पूरा हुन नसक्नाको कारण स्पष्ट पार्नुहोस् । [प्र.नं. ७, २०६२]

२२. उपन्यासमा परिवेशको चित्रण किन र कसरी गरिन्छ ? वर्णन गर्नुहोस् । [प्र.नं. ५, २०६३]

२३. सामाजिक यथार्थका दृष्टिले 'रूपमती' उपन्यासको विश्लेषण गर्नुहोस् । [प्र.नं. ६, २०६३]

२४. सप्रसङ्ग व्याख्या गर्नुहोस् :

मेरो चौरासी लाखको जुनीमा कहिल्यै फेरि आइमाई भएर जन्मनु नपरोस्, अर्को जन्ममा तपाईंसँग मेरो भेट हुन्छ कि हुन्न ? [प्र.नं. ७, २०६३]

२५. आधुनिक नेपाली उपन्यासका प्रमुख विशेषताहरू लेख्नुहोस् । [प्र.नं. ५, २०६४]

२६. 'रूपमती' लाई आदर्शोन्मुख यथार्थवादी उपन्यासका रूपमा चिनाउनुहोस् । [प्र.नं. ६, २०६४]

२७. 'माइतघर' उपन्यास दु:खान्त हुनाका कारणहरूको चर्चा गर्नुहोस् । [प्र.नं. ७, २०६४]

२८. उपन्यासका तत्त्वहरूको परिचय दिनुहोस् । [प्र.नं. ५, २०६५]

२९. रुद्रराज पाण्डेयका औपन्यासिक विशेषताहरू केके हुन् ? चर्चा गर्नुहोस् । [प्र.नं. ६, २०६५]

३०. 'माइतघर' उपन्यास कारुणिक बन्नाका कारणहरूको विवेचना गर्नुहोस् । [प्र.नं. ७, २०६५]

३१. उपन्यासका तत्त्वहरू के के हुन् ? स्पष्ट गर्नुहोस् । [प्र.नं. ५, २०६६]

३२. 'रूपमती' उपन्यासकी नायिका रूपमतीको चरित्र चित्रण गर्नुहोस् । [प्र.नं. ६, २०६६]

३३. उपन्यासकार लैनसिंह बाङ्देलले 'माइतघर' उपन्यासका माध्यमबाट के कुरा भन्न खोजेका छन् ? चर्चा गर्नुहोस् । [प्र.नं. ७, २०६६]

३४. उपन्यासको परिभाषा दिई यसको स्वरूपबारे चर्चा गर्नुहोस् । [प्र.नं. ५, २०६७]

३५. रूपमती र बरालपुत्रीका चरित्रमा पाइने भिन्नताहरू केलाउनुहोस् । [प्र.नं. ६, २०६७]

३६. "माइतघर" उपन्यासका हरि र सानीबीचको प्रेम दुर्घटित हुनाको मुख्य कारण के-कस्तो छ ? समीक्षा गर्नुहोस् । [प्र.नं. ७, २०६७]

३७. उपन्यासका प्रमुख तत्त्वहरू के के हुन् ? चर्चा गर्नुहोस् । [प्र.नं.५, २०६८]

३८. 'रूपमती' उपन्यासले के कस्तो नारी आदर्श प्रस्तुत गरेको छ ? स्पष्ट पार्नुहोस् । [प्र.नं.६, २०६८]

३९. 'माइतघर' उपन्यासको हरिका मनमा के कस्तो अन्तर्द्वन्द्व पाइन्छ ? स्पष्ट पार्नुहोस् । [प्र.नं.७, २०६८]

४०. उपन्यासको प्रमुख तत्त्वहरू के के हुन् ? परिचय दिनु होस् । [प्र. नं. ५, २०६९]

४१. 'रूपमती' उपन्यासको मूल सन्देश के हो ? उल्लेख गर्नु होस् । [प्र. नं. ६, २०६९]

४२. 'माइतघर' उपन्यासकी सानीको चरित्र चित्रण गर्नु होस् । [प्र. नं. ७, २०६९]

४३. उपन्यासका तत्त्वहरू के के हुन् ? चिनाउनु होस् । [प्र. नं. ५, २०७०]

४४. 'रूपमती' उपन्यासका हविलाल र रविलालका चारित्रिक विशेषता के के हुन् ? चर्चा गर्नु होस् । [प्र. नं. ६, २०७०]

४५. 'माइत घर' उपन्यास कारुणिक बन्नुका कारण के के हुन् ? चर्चा गर्नु होस् । [प्र. नं. ७, २०७०]

४६. उपन्यासको परिचय दिई यसका स्वरूपलाई चिनाउनु होस् । [प्र. नं. ५, २०७१]

४७. 'रूपमती' उपन्यासले प्रस्तुत गरेको नारी आदर्श कस्तो छ ? चर्चा गर्नु होस् । [प्र. नं. ६, २०७१]

४८. 'माइतघर' उपन्यासका हरि र सानीबीचको प्रेम दुर्घटित हुनाको मुख्य कारण के हो ? स्पष्ट पार्नु होस् । [प्र. नं. ७, २०७१]

Question Bank Nepal

# खण्ड (ग) नेपाली निबन्ध

(सबै प्रश्नहरूको अङ्कभार १० रहेको छ)

१. 'खैखै' निबन्धले कस्तो व्यङ्ग्य प्रस्तुत गरेको छ ? [प्र.नं. ८, २०५६]
२. 'सगरमाथामा तेन्जिङ' निबन्धले राष्ट्रियतालाई कसरी देखाएको छ ? [प्र.नं. ९, २०५६]
३. सप्रसङ्ग व्याख्या गर्नुहोस् ।
'आफ्नी धाईले आफ्नो शरीरमा दुखाइदिएको कुरा राम्रै याद रहेछ' [प्र.नं. १०, २०५६]
४. 'जुँगा' निबन्धको सन्देश स्पष्ट पार्नुहोस् । [प्र.नं. ८, २०५७]
५. विचार बुद्धितत्त्वका दृष्टिले 'सगरमाथामा तेन्जिङ' निबन्धको मूल्याङ्कन गर्नुहोस् । [प्र.नं. ९, २०५७]
६. सप्रसङ्ग व्याख्या गर्नुहोस्:
"बाबु जीवनमा कविता छरिएर बसेका छन्, देख्न सक्नुपर्छ" [प्र.नं. १०, २०५७]
७. आधुनिक नेपाली निबन्ध परम्पराको पहिलो चरणका प्रवृत्तिहरूको परिचय दिनुहोस् । [प्र.नं. ८, २०५८]
८. 'जुँगा' निबन्धको विषयवस्तुबारे टिप्पणी गर्नुहोस् । [प्र.नं. ९, २०५८]
९. सप्रसङ्ग व्याख्या गर्नुहोस् :
राष्ट्रिय झन्डामा सांस्कृतिकता हुन्छ र परम्परागत ऐतिहासिक अर्थ हुन्छ । [प्र.नं. १०, २०५८]
१०. नेपाली निबन्धको विकासमा निबन्धकार देवकोटाको के-कस्तो भूमिका छ ? स्पष्ट पार्नुहोस् । [प्र.नं. ८, २०५९]
११. 'एक घण्टा बिताउन' निबन्धले दिन खोजेको मूलभूत सन्देश के हो ? चर्चा गर्नुहोस् । [प्र.नं. ९, २०५९]
१२. सप्रसङ्ग व्याख्या गर्नुहोस् :
'वीर र विद्वान्ले माताको काख कहिल्यै शून्य भएन'
'हो विद्वान्ले भन्दा पनि वीरले चाहिँ कहिल्यै शून्य भएन ।' [प्र.नं. १०, २०५९]
१३. आधुनिक नेपाली निबन्धको प्रथम चरणका मुख्य-मुख्य विशेषताहरू लेख्नुहोस् । [प्र.नं. ८, २०६०]
१४. 'औपन्यासिक पात्र जीवनका पृष्ठभूमिमा' मा निबन्धको अभिप्राय स्पष्ट पार्नुहोस् । [प्र.नं. ९, २०६०]
१५. सप्रसङ्ग व्याख्या गर्नुहोस् :
हाम्रो व्यवहार, हाम्रो वातावरण शान्तिमय भए हामीलाई तरबार, बन्दुक, तोप, बमहरू नभए पनि हुन्छ । [प्र.नं. १०, २०६०]
१६. निबन्धकार केशवराज पिँडालीका मुख्य प्रवृत्तिहरू लेख्नुहोस् । [प्र.नं. ८, २०६१]
१७. 'पहाडी जीवन' निबन्धको मूल भाव के हो ? व्याख्या गर्नुहोस् । [प्र.नं. ९, २०६१]
१८. सप्रसङ्ग व्याख्या गर्नुहोस् :
तपाईं अरूबाट जस्तो व्यवहार आफूप्रति चाहनुहुन्छ त्यही व्यवहार अरूलाई गर्नुहोस् । [प्र.नं. १०, २०६१]
१९. निबन्धकार भैरव अर्यालका मुख्य विशेषताहरू लेख्नुहोस् । [प्र.नं. ८, २०६२]
२०. 'जुँगा' निबन्धको मूल आशय स्पष्ट पार्नुहोस् । [प्र.नं. ९, २०६२]
२१. सप्रसङ्ग व्याख्या गर्नुहोस् :
वीर र विद्वान्ले माताको काख कहिल्यै शून्य भएन । [प्र.नं. १०, २०६२]
२२. आधुनिक नेपाली निबन्धका मुख्य-मुख्य प्रवृत्तिको चर्चा गर्नुहोस् । [प्र.नं. ८, २०६३]
२३. 'पहाडी जीवन' निबन्धमा निबन्धकारले आफ्नो कस्तो विचार प्रस्तुत गरेका छन् ? प्रकाश पार्नुहोस् । [प्र.नं. ९, २०६३]

Question Bank Nepal

२४. 'अमरावती कान्तिपुरी नगरी' निबन्धमा के-कस्ता विकृतिप्रति व्यङ्ग्य गरिएको छ ? स्पष्ट गर्नुहोस् । [प्र.नं. १०, २०६३]

२५. निबन्धका तत्त्वहरूको सङ्क्षिप्त परिचय दिनुहोस् । [प्र.नं. ८, २०६४]

२६. 'राष्ट्रियताको ज्योति हुलाकघर' निबन्धको उद्देश्य के हो ? स्पष्ट पार्नुहोस् । [प्र.नं.९, २०६४]

२७. सप्रसङ्ग व्याख्या गर्नुहोस् :
जतिसुकै सम्पन्न वर्गसँग पनि साँचो दोस्ती कायम गर्न म तयार छु तर एउटा सर्त छ - समाजको रूपलाई फेरी आर्थिक इन्साफयुक्त नयाँ व्यवस्था बसाल्नमा ती पनि सक्तो योगदान गरून् । [प्र.नं. १०, २०६४]

२८. 'खैखै!' निबन्धले केकस्ता सामाजिक विकृतिहरूलाई औंल्याएको छ ? चर्चा गर्नुहोस् । [प्र.नं. ८, २०६५]

२९. 'औपन्यासिक पात्र जीवनको पृष्ठभूमिमा' निबन्धको मूल भाव के हो ? स्पष्ट पार्नुहोस् । [प्र.नं. ९, २०६५]

३०. सप्रसङ्ग व्याख्या गर्नुहोस् ।
सादा जीवन र उच्च विचारको आदर्शमा यसको उन्नति होस्, यसका अभावहरू मेटिऊन्, सानो स्वर्ग बनोस् । [प्र.नं. १०, २०६५]

३१. 'खै खै' निबन्धले नेपाली समाजका के कस्ता प्रवृत्तिलाई व्यङ्ग्य गरेको छ ? खुलस्त पार्नुहोस् ।. [प्र.नं. ८, २०६६]

३२. भैरव अर्याल कस्ता निबन्धकार हुन् ? स्पष्ट पार्नुहोस् । [प्र.नं. ९, २०६६]

३३. सप्रसंङ्ग व्याख्या गर्नुहोस् :
"जनताको आर्थिक अवस्था सपार्ने काममा लाग्नुहोस्, तपाईंहरूको थैली किमार्थ डुब्न पाउने छैन ।" [प्र.नं. १०, २०६६]

३४. 'खै-खै' निबन्धले उठाएको सामाजिक व्यङ्ग्यबारे प्रकाश पार्नुहोस् । [प्र.नं. ८, २०६७]

३५. निबन्धकार शङ्कर लामिछानेका निबन्धमा पाइने मुख्य-मुख्य प्रवृत्तिहरूको चर्चा गर्नुहोस् । [प्र.नं. ९, २०६७]

३६. सप्रसङ्ग व्याख्या गर्नुहोस् : [प्र.नं. १०, २०६७]
तपाईं अरूबाट जस्तो व्यवहार आफूप्रति चाहनुहुन्छ, त्यही व्यवहार अरूलाई गर्नुहोस् ।

३७. निबन्धकार लक्ष्मीप्रसाद देवकोटाका विशेषताहरूको चर्चा गर्नुहोस् । [प्र.नं.८, २०६८]

३८. 'औपन्यासिक पात्र जीवनको पृष्ठभूमिमा' निबन्धको मुख्य आशय के हो ? स्पष्ट पार्नुहोस् । [प्र.नं.९, २०६८]

३९. सप्रसङ्ग व्याख्या गर्नुहोस् :
कन्जुस मानिस मानवोचित व्यवहार गर्नसमेत कन्जुस हुन्छन् भन्ने मेरो धारणा छ । [प्र.नं.१०, २०६८]

४०. निबन्धकार शङ्कर लामिछानेका विशेषताहरू के के हुन्, वर्णन गर्नु होस् । [प्र. नं. ८, २०६९]

४१. 'एक घण्टा बिताउन' निबन्धको मूल आशय के हो, स्पष्ट पार्नु होस् । [प्र. नं. ९, २०६९]

४२. सप्रसङ्ग व्याख्या गर्नु होस् : [प्र. नं. १०, २०६९]
'यो ठाउँ वेदको केन्द्र बनोस्, वैदिक सभ्यतासँग यहाँको सभ्यताले सम्बन्ध राख्दछ ।

४३. 'पहाडी जीवन' निबन्धमा नेपालको पहाडी क्षेत्रका केकस्ता विशेषता देखाइएका छन् ? [प्र. नं. ८, २०७०]

४४. निबन्धकार ताना शर्माका निबन्धमा पाइने मुख्य विशेषताहरूको चर्चा गर्नु होस् । [प्र. नं. ९, २०७०]

४५. सप्रसङ्ग व्याख्या गर्नु होस् : [प्र. नं. १०, २०७०]
राजनीतिक आँखाले भुँडीलाई हेर्नुपर्‍यो भने यो बडो प्रगतिशील देखिन्छ ।

४६. 'भुँडी' निबन्धले उठाएको सामाजिक व्यङ्ग्यबारे प्रकाश पार्नु होस् । [प्र. नं. ८, २०७१]

Question Bank Nepal

४७. निबन्धकार लक्ष्मीप्रसाद देवकोटाका निबन्धगत प्रवृत्तिहरू के के हुन् ? चर्चा गर्नुहोस् । [प्र. नं. ९, २०७१]

४८. सप्रसङ्ग व्याख्या गर्नु होस् : [प्र. नं. १०, २०७१]
दान दिने कुरा धर्म बनिसकेको धेरै भयो ।

## खण्ड (घ) नेपाली भाषा

(सबै प्रश्नहरूको अङ्कभार १० रहेको छ )

१. भाषाका विशेषता के-के हुन् ? कुनै तीनको उल्लेख गर्नुहोस् । [प्र.नं. ११, २०५६]
२. नेपालमा बोलिने भोट-चिनियाँ परिवारका कुनै तीन भाषाको सङ्क्षिप्त परिचय दिनुहोस् । [प्र.नं. १२, २०५६]
३. नेपाली भाषामा 'अक्षर' को स्वरूप कति प्रकारका पाइन्छन् ? [प्र.नं. १३, २०५६]
४. मध्यकालीन नेपाली भाषाका विशेषताहरू के-के हुन् ? उल्लेख गर्नुहोस् । [प्र.नं. ११, २०५७]
५. भाषाका कुनै तीन विशेषताका बारेमा प्रकाश पार्नुहोस् । [प्र.नं. १२, २०५७]
६. नेपाली भाषाको उच्चारण व्यवस्थाअन्तर्गत स्वर र व्यञ्जनको सोदाहरण परिचय दिनुहोस् । [प्र.नं. १३, २०५७]
७. भाषाका प्रमुख विशेषताहरूबारे चर्चा गर्नुहोस् । [प्र.नं. ११, २०५८]
८. नेपाली भाषाका केही महत्त्वपूर्ण पुराना अभिलेखको परिचय दिनुहोस् । [प्र.नं. १२, २०५८]
९. नेपाली भाषाको शब्दभण्डारबारे उल्लेख गर्नुहोस् । [प्र.नं. १३, २०५८]
१०. भाषिक व्यवस्थाबारे बताउँदै 'शब्दभण्डार' बारे सङ्क्षिप्त चर्चा गर्नुहोस् । [प्र.नं. ११, २०५९]
११. भाषा र भाषिकामा पाइने अन्तर केलाउनुहोस् । [प्र.नं. १२, २०५९]
१२. भाषाका कुनै तीन विशेषता उल्लेख गर्नुहोस् । [प्र.नं. १३, २०५९]
१३. 'भाषा यादृच्छिक र परम्परित हुन्छ' भन्ने भनाइ स्पष्ट पार्नुहोस् । [प्र.नं. ११, २०६०]
१४. सामान्य नेपाली र साहित्यिक नेपालीमा भिन्नता देखाउनुहोस् । [प्र.नं. १२, २०६०]
१५. नेपाली भाषाको उत्पत्तिबारे चर्चा गर्नुहोस् । [प्र.नं. १३, २०६०]
१६. भाषाको अर्थ बताउँदै त्यसको परिभाषासमेत दिनुहोस् । [प्र.नं. ११, २०६१]
१७. नेपाली भाषाको उत्पत्ति कसरी भएको हो ? वर्णन गर्नुहोस् । [प्र.नं. १२, २०६१]
१८. नेपाली भाषामा कुन-कुन स्रोतका शब्द पाइन्छन् ? सोदाहरण चर्चा गर्नुहोस् । [प्र.नं. १३, २०६१]
१९. नेपाली भाषाका प्राचीन ग्रन्थहरू कुन-कुन हुन् ? उल्लेख गर्नुहोस् । [प्र.नं. ११, २०६२]
२०. नेपाली भाषाको पूर्वेली भाषिका कुन-कुन क्षेत्रमा बोलिन्छ ? स्पष्ट पार्नुहोस् । [प्र.नं. १२, २०६२]
२१. नेपालमा बोलिने भारोपेली परिवारका नेपालीबाहेकका कुनै दुई भाषाको परिचय दिनुहोस् । [प्र.नं. १३, २०६२]
२२. भाषिक अध्ययनका प्रमुख पद्धतिहरूको सङ्क्षेपमा परिचय दिनुहोस् । [प्र.नं. ११, २०६३]
२३. लेख्य भाषामा पाइने विशेषताहरूको चर्चा गर्नुहोस् । [प्र.नं. १२, २०६३]
२४. नेपालमा कुन-कुन भाषा परिवारका भाषाहरू बोलिन्छन् ? चर्चा गर्नुहोस् ।[प्र.नं. १३, २०६३]
२५. भाषिक व्यवस्था भनेको के हो ? कुनै एक भाषिक व्यवस्थालाई उदाहरणसहित चिनाउनुहोस् । [प्र.नं. ११, २०६४]
२६. सामान्य र साहित्यिक नेपाली भाषामा पाइने भिन्नता केलाउनुहोस् । [प्र.नं. १२, २०६४]
२७. भारोपेली परिवारबाट नेपाली भाषाको विकास कसरी भएको हो ? वर्णन गर्नुहोस् । [प्र.नं. १३, २०६४]

Question Bank Nepal

२८. भाषाका प्रमुख विशेषताहरू केके हुन् ? चर्चा गर्नुहोस् । [प्र.नं. ११, २०६५]

२९. कथ्य र लेख्य नेपाली भाषामा पाइने भिन्नताहरू केलाउनुहोस् । [प्र.नं. १२, २०६५]

३०. नेपालमा कुनकुन परिवारका भाषाहरू बोलिन्छन् ? स्पष्ट पार्नुहोस् । [प्र.नं. १३, २०६५]

३१. भाषिक व्यवस्था भनेको के हो ? स्पष्ट पार्नुहोस् । [प्र.नं. ११, २०६६]

३२. सामान्य नेपाली र साहित्यिक नेपाली भन्नाले के बुझिन्छ ? उदाहरणद्वारा स्पष्ट पार्नुहोस् । [प्र.नं. १२, २०६६]

३३. संस्कृत भाषाबाट नेपाली भाषाको विकास के कस्ता चरणहरू पार गर्दै भएको देखिन्छ ? [प्र.नं. १३, २०६६]

३४. वर्णनात्मक र तुलनात्मक भाषिक अध्ययन भन्नाले के बुझिन्छ ? स्पष्ट पार्नुहोस् । [प्र.नं. ११, २०६७]

३५. नेपाली भाषाका भाषिकहरू के-कति निर्धारण गरिएका छन् ? कुनै एकका विशेषताहरूबारे टिप्पणी गर्नुहोस् । [प्र.नं. १२, २०६७]

३६. सामान्य नेपाली र साहित्यिक नेपालीमा पाइने भिन्नताहरू केलाउनुहोस् ।[प्र.नं. १३, २०६७]

३७. वर्णनात्मक भाषिक अध्ययन भन्नाले के बुझिन्छ ? स्पष्ट पार्नुहोस् । [प्र.नं.११, २०६८]

३८. भाषिकालाई कसरी परिभाषित गर्न सकिन्छ ? चर्चा गर्नुहोस् । [प्र.नं.१२, २०६८]

३९. सामान्य नेपाली र साहित्यिक नेपालीमा के कस्ता भिन्नता पाइन्छन् ? स्पष्ट पार्नुहोस् । [प्र.नं.१३, २०६८]

४०. भाषाका कुनै ६ ओटा विशेषताको उल्लेख गर्नु होस् । [प्र. नं. ११, २०६९]

४१. भाषिका भनेको के हो र नेपालीका के कति भाषिकाहरू छन्, चर्चा गर्नु होस् । [प्र. नं. १२, २०६९]

४२. नेपालमा बोलिने भारोपेली परिवारका मुख्य मुख्य भाषाको परिचय दिनु होस् । [प्र. नं. १३, २०६९]

४३. भाषाका प्रमुख विशेषता के के हुन् ? [प्र. नं. ११, २०७०]

४४. नेपालमा बोलिने कुनै तिन प्रमुख भाषाहरूको परिचय दिनु होस् ।[प्र. नं. १२, २०७०]

४५. नेपाली भाषाको विकास क्रम देखाउनु होस् । [प्र. नं. १३, २०७०]

४६. भाषिकाको परिचय दिई पूर्वेली भाषिकाका प्रमुख विशेषता के के हुन् ? लेख्नु होस् । [प्र. नं. ११, २०७१]

४७. भाषाका कुनै पाँचओटा विशेषताको चर्चा गर्नु होस् । [प्र. नं. १२, २०७१]

४८. 'कथ्य र लेख्य' भाषाका विशेषता के के हुन् ? चर्चा गर्नुहोस् । [प्र. नं. १३, २०७१]

## खण्ड (ङ) साहित्य परिचय

(सबै प्रश्नहरूको अङ्कभार १० रहेको छ )

१. साहित्यको प्रयोजन भनेको के हो ? स्पष्ट पार्नुहोस् । [प्र.नं. १४, २०५६]

२. शृङ्गार रसको सोदाहरण परिचय दिनुहोस् । [प्र.नं. १५, २०५६]

३. अभिधा र लक्षणाशक्तिको परिचय उदाहरणसहित दिनुहोस् । [प्र.नं. १४, २०५७]

४. तलको कवितांशबाट गणसङ्केत पहिल्याई छन्दको नाम उल्लेख गर्नुहोस् ।

भाषा हो सभ्यता हाम्रो सारा उदय उन्नति
जीत वैभव भाषामै रहन्छन् पछिसम्म यी । [प्र.नं. १५, २०५७]

Question Bank Nepal

५. रसको परिचय दिँदै शृङ्गार रसको सोदाहरण चर्चा गर्नुहोस् । [प्र.नं. १४, २०५८]

६. तलको कविताांशमा कुन छन्दको प्रयोग भएको छ ? स्पष्ट पार्नुहोस् :

म खाऊँ, मै लाऊँ, सुख सयल वा मौज म गरूँ,
म बाँचूँ, मै नाचूँ, अरू सब मरून् दुर्बलहरू
भनी दाह्रा धस्ने अबुझ शठ देखी छक परी
चिता खित्का छोडी अभयसित हाँस्यो मरिमरि । [प्र.नं. १५, २०५८]

७. साहित्यमा व्यञ्जनाशक्तिको कस्तो महत्त्व छ ? बताउनुहोस् । [प्र.नं. १४, २०५९]

८. उदाहरणसहित कुनै दुई अलङ्कारको परिचय दिनुहोस् । [प्र.नं. १५, २०५९]

९. साहित्यको विधागत वर्गीकरण गर्नुहोस् । [प्र.नं. १४, २०६०]

१०. शृङ्गार रसको सोदाहरण परिचय दिनुहोस् । [प्र.नं. १५, २०६०]

११. साहित्यको हेतुबारे चर्चा गर्नुहोस् । [प्र.नं. १४, २०६१]

१२. मन्दाक्रान्ता तथा शिखरिणी छन्दको सोदाहरण परिचय दिनुहोस् । [प्र.नं. १५, २०६१]

१३. लक्षणा र व्यञ्जना शब्दशक्तिमा पाइने भिन्नता स्पष्ट पार्नुहोस् । [प्र.नं. १४, २०६२]

१४. रूपमा अलङ्कारको परिचय दिई उदाहरण पनि दिनुहोस् । [प्र.नं. १५, २०६२]

१५. उपयुक्त उदाहरण दिएर करुण रसको परिचय दिनुहोस् । [प्र.नं. १४, २०६३]

१६. साहित्यका हेतु वा कारकहरूको चर्चा गर्नुहोस् । [प्र.नं. १५, २०६३]

१७. गणसङ्केत लेखी शिखरिणी छन्दको परिचय दिनुहोस् । [प्र.नं. १४, २०६४]

१८. साहित्यका प्रमुख विधाहरूको सङ्क्षेपमा परिचय दिनुहोस् । [प्र.नं. १५, २०६४]

१९. विधागत रूपमा साहित्यलाई केकति वर्गमा विभाजन गर्न सकिन्छ ? उपयुक्त वर्गीकरण प्रस्तुत गर्नुहोस् । [प्र.नं. १४, २०६५]

२०. मन्दाक्रान्ता छन्दका लक्षण र उदाहरण लेख्नुहोस् । [प्र.नं. १५, २०६५]

२१. नवरसको नाम लेखी कुनै एउटा रसको उदाहरणसहित परिचय दिनुहोस् । [प्र.नं. १४, २०६६]

२२. शिखरिणी छन्दको लक्षण र उदाहरण प्रस्तुत गर्नुहोस् । [प्र.नं. १५, २०६६]

२३ साहित्यसृजनको हेतु भन्नाले के बुझिन्छ ? चर्चा गर्नुहोस् । [प्र.नं. १४, २०६७]

२४. करुण रसको सोदाहरण परिचय दिनुहोस् । [प्र.नं. १५, २०६७]

२५. शब्दशक्ति भन्नाले के बुझिन्छ र यसका के कति प्रकारहरू छन् ? स्पष्ट पार्नुहोस् । [प्र.नं.१४, २०६८]

२६. उपमा अलङ्कारको उदाहरणसहित परिचय दिनुहोस् । [प्र.नं.१५, २०६८]

२७. साहित्यका के कति विधाहरू रहेका छन्, उल्लेख गर्नु होस् । [प्र. नं. १४, २०६९]

२८. 'रूपक' र 'उपमा' अलङ्कारबीचको भिन्नता केलाउनु होस् । [प्र. नं. १५, २०६९]

२९. साहित्य सिर्जनाको प्रयोजन भन्नाले के बुझिन्छ ? चर्चा गर्नु होस् । [प्र. नं. १४, २०७०]

३०. 'शृङ्गार' रसको सोदाहरण परिचय दिनु होस् । [प्र. नं. १५, २०७०]

३१. श्रृङ्गार रसको सोदाहरण परिचय दिनु होस् । [प्र. नं. १४, २०७१]

३२. शब्द शक्ति' लाई सोदाहरण चिनाउनु होस् । [प्र. नं. १५, २०७१]

Question Bank Nepal